# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा
कोशी प्रदेश
(आर्थिक प्रशासन शाखा)

E-mail: office
siddhicharanmunicipality@gmail.com
E-mail: financial administration branch
economicadbrscmun@gmail.com
Website:
https//:siddhicharanmun.gov.np

☎ ०३७-५२०२१३


प.सं. २०७९/८०
च.नं. ४०२०

मिति २०८०/०२/३१

**बिषय :- भुक्तानी तथा निकासा सम्बन्धमा ।**

श्री सरोकारवाला सबै,

सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

प्रस्तुत विषयमा यस सिद्धिचरण नगरपालिकाका सगँ आ.व. २०७९/८० मा सम्झौता गरी सञ्चालनमा रहेका विभिन्न योजना तथा कार्यक्रमहरु लगायत यस कार्यालयले भुक्तानी गर्नु पर्ने जुनसुकै प्रकारको कार्यहरुको कार्य सम्पन्न गरी फरफारक तथा अन्तिम भुक्तानीको लागि **मिति २०८०/०३/२० गते सम्ममा** आवश्यक कागजात यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३० को उपनियम (१), (२) र (७) मा आर्थिक वर्ष समाप्त हुनु भन्दा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी निकासा भुक्तानी बन्द गर्नु पर्ने व्यवस्था छ । बाकीँ समय भित्र कर दाखिला गर्ने, नेपाल सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने प्रकृतिको अनुदान रकम फिर्ता गरी सोको बैक दाखिला भौचर कोष तथा लेखा नियन्त्रकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७९/८० को सम्पूर्ण कारोबारको हिसाब मिलान गरी नेपाल सरकार, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश सरकार लगायत सरोकारवाल निकायहरुमा प्रतिवेदन पठाउने समेतको कार्यहरु आर्थिक वर्ष समाप्त हुनु भन्दा अगावै सम्पन्न गर्नु पर्ने बाध्यात्मक कानुनी व्यवस्था भएकोले तोकिएको समय सीमा भन्दा पछि पेश हुन आएका भुक्तानीका फाइलहरु उपर कुनै कारबाही नगरिने र भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

सादर अवगतार्थ :

श्रीमान नगर प्रमुखज्यू, सिद्धिचरण नगरापालिका, ओखलढुगां ।

श्रीमान नगर उपप्रमुखज्यू, सिद्धिचरण नगरपालिका, ओखलढुगां ।

बोधार्थ :

श्री वडा कार्यालयहरु सबै, सिद्धिचरण नगरपालिका ।

श्री योजना तथा प्राविधिक शाखा लगायत सबै विषयगत शाखा, सिद्धिचरण नगरपालिका ।

श्री सूचना तथा प्रविधि शाखा- फेसबुक पेज, वेभसाइटमा सूचना अपलोड गर्नुहुन ।

..................
आर्थिक प्रशासन प्रमुख

..................
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत